# केन्द्रीय कार्यालय, अनामनगर

सूचना नं. १४१/०७४-७५

## बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०७४/५/८)**

यस आयोगको लागि आ.व. ०७४/७५ मा आवश्यक पर्ने कार्यालय तथा मसलन्द, उत्तरपुस्तिका छपाई तथा अन्य छपाई, टोनर (फोटोकपी मेशिन, प्रिन्टर, अन्य) फोटोकपी पेपर, खाम तथा कपडाको थैला बोलपत्र/शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं/शिलबन्दी दरभाउपत्रको हकमा १६ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. ३०००/१०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको जिन्सी इकाइ तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम, प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं/शिलबन्दी दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२.०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरि बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरि सही छाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ । सो बोलपत्र/शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिइ पठाएका प्रतिनिधीको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र/शिलबन्दी दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।

४. बोलपत्र/शिलबन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, बबरमहलका नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको कार्यालय कोड २७-२१०-०१ धरौटी खाता नं. १२०१२०००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी बोलपत्रको हकमा १२०/शिलबन्दी दरभाउपत्रको हकमा ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नु पर्नेछ ।

५. दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र/शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७ बोलपत्र/शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन नियमहरु बमोजिम हुनेछन् ।

८. बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९. बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी इकाइमा आई बुझ्न सकिने छ ।

१०. छपाई सम्बन्धी कार्यका हकमा प्रेस सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालयको अनुमति पत्र आवश्यक हुनेछ ।

११. प्रत्येक ठेक्का नं. को लागि फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ । यस सम्बन्धी सूचना आयोगको वेबसाइट www.psc.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र/दरभाउपत्र दस्तुर | जमानत रकम (रु. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/०७४-७५ | कार्यालय तथा मसलन्द सामान | ३०००।- | रु.१,८०,०००।- | |
| २ | ५/०७४-७५ | उत्तरपुस्तिका छपाई/अन्य छपाइ | ३०००।- | रु.७०,०००।- | |
| ३ | ६/०७४-७५ | टोनर (प्रिन्टर, फ्याक्स, फाटोकपीका विभिन्न ब्राण्डहरु) | १०००।- | रु.४७,५००।- | |
| ४ | ७/०७४-७५ | फोटोकपी पेपर | १०००।- | रु.३८,५००।- | |
| ५ | ८/०७४-७५ | खाम तथा कपडाको थैला | १०००।- | रु.४८,०००।- | |